बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

बैठक नं : ६

मिति २०८२।१२।१५ गते

समय दिनको : १:०० बजे

स्थान गाउँकार्यपालिकाको सभाहल बाँफिकोट रुकुम पश्चिम

आज मिति २०८२।१२।१५। गतेका दिन बाँफिकोट गाउँपालिकाका अध्यक्ष श्री जनक कुमार बाँठा मगर ज्यू को अध्यक्षतामा गाउँकार्यपालिकाको वैठक तपशिलको उपस्थितिमा वसी देहायअनुसार निर्णय गरियो।

उपस्थित

| सि नं | नामथर पद तथा प्रतिनिधित्व | मोवाइल नं | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री जनक कुमार बाँठामगर अध्यक्ष बाँफिकोट गाउँपालिका | 9844941181 | | |
| २ | श्री तारा बुढा के.सी.उपाध्यक्ष बाँफिकोट गाउँपालिका | 9848155267 | | |
| ३ | श्री धन बहादुर खड्का वडा अध्यक्ष वडा नं १ | 9868900722 | | |
| ४ | श्री प्रकाश खत्री वडा अध्यक्ष वडा नं २ | 9851097851 | | |
| ५ | श्री तिल विर के सी वडा अध्यक्ष वडा नं ३ | 9869982608 | | |
| ६ | श्री शेर बहादुर वली वडा अध्यक्ष वडा नं ४ | 9809509484 | | |
| ७ | श्री मनु शाही वडा अध्यक्ष वडा नं ५ | 9844949199 | | |
| ८ | श्री गनोज कुमार अधिकारी वडा अध्यक्ष वडा नं ६ | 9863198647 | | |
| ९ | श्री नर बहादुर खत्री वडा अध्यक्ष वडा नं ७ | 9846306177 | | |
| १० | श्री धन बहादुर के सी वडा अध्यक्ष वडा नं ८ | 9843762769 | | |
| ११ | श्री जोग बहादुर चन्द वडा अध्यक्ष वडा नं ९ | 9844990067 | | |
| १२ | श्री हरि बहादुर चन्द वडा अध्यक्ष वडा नं १० | 9851185582 | | |
| १३ | श्री कमला के सी मल्ल कार्यपालिका सदस्य | 9843288557 | | |
| १४ | श्री मनबहादुर बादी कार्यापालिका सदस्य | 9746405397 | | |
| १५ | श्री ज्योतिका नेपाली कार्यापालिका सदस्य | 9841103597 | | |
| १६ | श्री शेरु विश्वकर्मा कार्यापालिका सदस्य | 9766218811 | | |
| १७ | श्री पविता सुनार कार्यापालिका सदस्य | 9748707502 | | |
| १८ | श्री रीता जैसी कार्यपालिका सदस्य | 9806219060 | | |
| १९ | श्री विकास विक्रम शाह, प्रमुख प्रशासकीय अधिकृत | 9857888729 | | |
| २० | श्री तेज बहादुर डाँगी, बरिष्ठ लेखा अधिकृत | 9869502352 | | |
| २१ | श्री ईन्दिरा खड्का, प्रशासकीय अधिकृत | | | |

२२. श्री देवराज उपाध्याय वडा नं. ३ का.पा. ९८९१८८०६२२

**प्रस्तावहरु (२०८२।५।१३):**

१. सेवा प्रवाह समीक्षा सम्बन्धमा,

२.आर्थिक वर्ष २०८२-८३ को आयोजना कार्यक्रम तथा विस्तृत कार्यक्रम कार्यान्वयन सम्बन्धमा,

३. स्ट्रक्चरल एनालाईसिस सम्बन्धमा,

४. गाईभैंसी प्रवर्द्धन कार्यक्रम कार्यान्वयन सम्बन्धमा,

५. लक्षित वर्ग कार्यक्रममा गाउँसभामा विनियोजित बजेट छुटेको सम्बन्धमा,

६. स्यार्पुताल संरक्षण, सम्बर्धन, प्रवर्द्धन र प्राकृतिक उपयोगको लागि सरोकारवालासँग छलफल सम्बन्धमा,

७. क्षतिग्रस्त काला खोला दोमै सिचाई सुचारु गर्न आवश्यक बजेट व्यवस्थापन सम्बन्धमा,

८. पावर लिफ्टिङमा अन्तराष्ट्रिय सहभागी भएको खेलाडिलाई सम्मान तथा पुरस्कार सम्बन्धमा,

९. बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यान्वयन कार्ययोजना र शीर्षकगत बजेट विनियोजन सम्बन्धमा।

विविध सम्बन्धमाः

१०. भुकम्पको पुनःनिर्माण र पुनःस्थापना कार्यक्रम कार्यान्वयन सम्बन्धमा,

११. गाउँ सभाको अधिवेशन मिति तोक्ने सम्बन्धमा,

१२. लघु उद्यम कार्यक्रम कार्यान्वयन सम्बन्धमा,

१३. न्यायिक समिति सदस्य, न्यायिक प्रशासनमा कार्यरत कर्मचारी तथा मेलमिलापकर्ताको सेवा सुविधा सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा,

१४. राहत रकम उपलब्ध गराउने सम्बन्धमा।

बाफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

प्रमाणित

विकास विक्रम शाह
प्रमुख प्रशासकीय अधिकृत

**निर्णयहरुः**

१. बाँफिकोट गाउँकार्यपालिकाको कार्यालयबाट प्रवाह भइरहेको सेवालाई थप चुस्त, दुरुस्त र नागरिकमैत्री बनाउन आवश्यक सहजीकरण र निर्देशन दिने निर्णय गरियो।

गाउँ कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

२. आर्थिक वर्ष २०८२-८३ को आयोजना कार्यक्रम र दायित्व कार्यक्रम कार्यान्वयनमा सम्बन्धमा देखिएका व्यवहारिक समस्या, बजेटको अवस्था र फरक बुझाईले गर्दा आयोजना र कार्यक्रम कार्यान्वयनमा देखिएका जटिलता सम्बन्धी छलफल गरी कार्यान्वयन सहजताको लागि वडा र गाउँपालिकाको कार्यलयसँग समन्वय गरी, बजेट व्यवस्था भएको एकिन गरी कार्यान्वयनमा सहजीकरण गर्ने निर्णय गरियो।

३. बाँफिकोट गाउँपालिकाको आर्थिक वर्ष २०७९-८० को अन्तिम लेखा परिक्षण प्रतिवेदनमा उल्लेख भएबमोजिम १० सैय्याको हस्पिटल निर्माण आयोजनामा स्ट्रक्चरल विश्लेषण गर्नुपर्ने लेखिएकाले डिपिआर र निर्माणमा भएको फरकले संरचनामा पार्ने प्रभावको स्ट्रक्चरल विश्लेषण गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

४. संघीय शसर्त अनुदान तर्फको गाईभैंसी प्रवर्द्धन कार्यक्रम कार्यान्वयन सम्बन्धमा बाँफिकोट गाउँपालिकाको वडा नं २ मा कार्यान्वयन गर्ने निर्णय गरियो।

५. लक्षित वर्ग कार्यक्रममा गाउँसभामा विनियोजित बजेट छुटेको कारण आदिबासी जनजाती तर्फ आउँदो गाउँसभामा बजेट व्यवस्थापनको पारित गर्न पेश गर्ने निर्णय गरियो।

६. स्यार्पुताल संरक्षण, सम्बर्धन, प्रवर्द्धन र प्राकृतिक उपयोगको लागि सरोकारवालासँग सर्वपक्षीय छलफल तथा सुझावको मिति २०८२ चैत्र २२ गते अन्तरक्रिया कार्यक्रम गर्ने निर्णय गरियो।

७. क्षतिग्रस्त काला खोला दोमै सिचाई सुचारु गर्न रु. ६०,००० अक्षरुपी साठि हजार बजेट व्यवस्थापन गर्ने र दिगो व्यवस्थापनको लागि उपभोक्ता समितिसँग वडा कार्यालयले थप छलफल गरी कार्यपालिका बैठकमा सुझाव पेश गर्ने निर्णय गरियो।

८. बाँफिकोट गाउँपालिकाको वडा नं २ निवासि खेलाडी श्री कल्पना खत्रीलाई २३ वर्ष मुनिको पावर लिफ्टिङ खेल समूहमा श्रीलङ्कामा सहभागी खेलाडीलाई रु. १०,०००। अक्षरुपी दश हजार पुरस्कार दिने र आउँदो गाउँसभामा सम्मान गर्ने निर्णय गरियो।

९. बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यान्वयन कार्ययोजना र शीर्षकगत बजेट विनियोजन तपसिल बमोजिम हुने निर्णय गरियो:

प्रमाणित

विकास विक्रम शाह
प्रमुख प्रशासकीय अधिकृत

१०. भुकम्पको पुन: निर्माण र पुन: स्थापना कार्यक्रम कार्यान्वयन सम्बन्धमा जिल्ला प्रशासन कार्यालयमा भएको छलफल र अन्तरक्रिया कार्यक्रम सम्बन्धी जानकारी गराईयो।

गाउँ कार्यपालिकाको
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

११. बाँफिकोट गाउँपालिकाको गाउँ सभाको अधिवेशन मिति २०८२ चैत्र १७ गते आह्वान गर्न सिफारिस गर्ने निर्णय गरियो।

१२. लघु उद्यम कार्यक्रम बाँफिकोट गाउँपालिकाको वडा नं ६, ७ र ८ मा कार्यान्वयन गर्ने निर्णय गरियो।

१३. न्यायिक समिति सदस्य, न्यायिक प्रशासनमा कार्यरत कर्मचारी तथा मेलमिलापकर्ताको सेवा सुविधा सम्बन्धी कार्यविधि, २०८२ अध्ययन गरी अर्को गाउँकार्यपालिकाको बैठकबाट पारित गर्ने निर्णय गरियो।

१४. पृथ्वीबहादुर ~~स्वर्वीर~~ पौडेलको निवेदन अनुसार निजको श्रीमती ताराकुमारी पौडेलको चट्याङ लागेर मृत्यु भएकोले राहत रकम रु. २,००,०००। अक्षरुपी दुई लाख भुक्तानी गरी सोधभर्नाको लागि जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम भागमा) माग गर्ने निर्णय गरियो।

प्रमाणित

विकास विक्रम शाह
प्रमुख प्रशासकीय अधिकृत